**PURE**
ENERGY LTD

मिति: २०८२/०६/०७

नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर

नेपाल स्टक एक्सचेन्ज लि.
युएनआई शान्तीमार्ग, भद्रकाली, काठमाडौं ।

विद्युत नियमन आयोग,
सानोगौचरण, काठमाडौं

कम्पनी रजिष्ट्रार कार्यालय,
त्रिपुरेश्वर, काठमाण्डौं ।

सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौं ।

**विषय: <u>जानकारी गराएको बारे ।</u>**

उपरोक्त विषयमा यस **पियोर इनर्जी लिमिटेड**को मिति २०८२/०६/०७ (तदनुसार सेक्टेम्बर २३, २०२५) गते बिहान ११:३० बजे सम्पन्न आठौं वार्षिक साधारण सभाबाट निम्न बमोजिमका संचालकहरु निर्वाचित भई मिति २०८२/०६/०७ गते दिनको ३:३० बजे बसेको संचालक समितिको बैठकले निम्न बमोजिम संचालक समिति गठन भएको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

१. श्री अक्षय गोल्याण - अध्यक्ष
२. श्री निशान्त गोयल - संचालक
३. श्री संजय कुमार साह - संचालक
४. श्री प्रवेश कुमार आचार्य - संचालक
५. श्री विशाखा लक्ष्मी खड्का - स्वतन्त्र संचालक

साथै, कम्पनीको साधारण सभाले पारित गरेका निर्णय माईन्यूट यसै साथ संलग्न रहेको छ।

भवदीय,

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

सन्तोष वाग्ले
कम्पनी सचिव

**पियोर इनर्जी लिमिटेडको**

*का.म.न.पा.-१३, सोल्टीमोड, काठमाण्डौं*

*दर्ता नं: २९३६८५/०७४/०७५*

***मिति २०८२।०६।०७ गते सम्पन्न भएको वार्षिक साधारण सभाको काम कारबाहीको विवरण***

## १. वार्षिक साधारण सभा

यस **पियोर इनर्जी लिमिटेड ("कम्पनी")** को वार्षिक साधारण सभा (**"सभा"**) संचालक समितिका अध्यक्ष श्री अक्षय गोल्याण ज्यूको अध्यक्षतामा मिति २०८२।०६।०७ मा बस्यो । उक्त सभामा भएको उपस्थिति, छलफल भएका विषयहरू तथा पारित प्रस्तावहरू यस पछिका परिच्छेदहरूमा अभिलेख गरिएका छन् ।

## २. सभाको मिति, समय तथा स्थान

मिति : २०८२ साल असोज ०७ गते, मंगलबार (तदनुसार सेक्टेम्बर २३, २०२५)
समय : बिहान १०:०० बजे
स्थान : आनन्द भूमि इभेन्ट्स, बानेश्वर, काठमाण्डौं ।

## ३. उपस्थिति

**संचालक उपस्थिति**

| **नाम** | **पद** |
|---|---|
| श्री अक्षय गोल्याण | अध्यक्ष |
| श्री निशान्त गोयल | संचालक |
| श्री संजय कुमार साह | संचालक |
| **अन्य उपस्थिती :** | |
| श्री प्रवीण अर्याल | प्रमुख कार्यकारी अधिकृत |
| श्री राजेश अग्रवाल | सदस्य, लेखा परीक्षक समिति |
| श्री अजय ज्ञवाली | आन्तिरिक लेखा परीक्षक |
| श्री अनुष्का भट्टराई | निर्वाचन अधिकृत |
| श्री प्रवेश कुमार आचार्य | आमन्त्रित |
| श्री विशाखा लक्ष्मी खड्का | आमन्त्रित |

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

## ४. गणपूरक संख्या एवं सभाको वैधानिकता :

संचालक समितिका अध्यक्षले सभाको अध्यक्षता गर्नु भयो । पूर्व निर्धारित एजेण्डामा छलफल गर्नु अघि आजको सभाको वैधानिकताको सम्बन्धमा यकिन गरियो । यस कम्पनीमा हाल तीन (३) जना संचालकहरु रहनु भएको तथा स्वयंम संचालकहरु नै उपस्थिति हुनु भएको थियो । अध्यक्षले कम्पनीको नियमावली अनुसार सभाको सूचना रीतपूर्वक पठाइएको र सभाको लागि आवश्यक गणपूरक संख्या पुगेको यकिन गर्नुभयो । स्वयं उपस्थित शेयर संख्या र प्रतिनिधिमार्फत उपस्थित

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

शेयर संख्या गरी कुल ८७.......% शेयर संख्याको उपस्थिति भएको जानकारी सभालाई सूचित गर्नु भयो । अध्यक्षज्यूले सभाको काम कारबाही अघि बढाउनु भयो ।

## ५. आठौं वार्षिक साधारण सभामा अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको प्रतिवेदन प्रस्ताव तथा अन्य प्रस्तावहरुको प्रस्तुती:

५.१ अध्यक्षको मन्तव्य तथा आठौं वार्षिक प्रतिवेदन प्रस्तुती :
अध्यक्ष तथा सभाका सभापति श्री अक्षय गोल्याणज्यूले अध्यक्षको मन्तव्य सभामा प्रस्तुत गर्नु भयो ।

५.२ वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित विषयहरु अर्न्तगत सामान्य प्रस्ताव तर्फ प्रस्तुत छलफलका विषयको प्रथम प्रस्तावमा रहेको आठौं वार्षिक प्रतिवेदन सभाका अध्यक्ष श्री अक्षय गोल्याणज्यूले सभामा प्रस्तुत गर्नु भयो ।

५.३ लेखापरीक्षण प्रतिवेदन समेतको हिसाब प्रस्तुती :
कम्पनीका अध्यक्षज्युले आ.व.२०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण समेतको हिसाब यो आठौं वार्षिक साधारण सभा समक्ष छलफलका लागि प्रस्तुत गर्नु भयो ।

## ६. सभाका छलफलका विषयहरू (एजेण्डा)

**क) सामान्य प्रस्तावहरु**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरु छलफल गरी पारित गर्ने सम्बन्धमा ।

३. आ.व.२०८२/०८३ को लागि लेखापरीक्षण कार्य गर्न लेखापरीक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. संचालक समितिको सम्बन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१. प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु नियामक निकायहरुमा दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध**

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

Pure Energy Limited Reg. No. 293685 Kathmandu

७. **सामान्य प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

७.१ **आ.व.२०८१/८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गर्ने तथा पारित गर्ने ।**

संचालक समितिका अध्यक्षले आर्थिक बर्ष २०८१/८२ को संचालक समितिको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्नु भएकोमा उक्त प्रतिवेदनलाई स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

७.२ **लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/८२ को लेखापरीक्षण भएका वार्षिक आर्थिक विवरणहरू उपर छलफल गर्ने तथा पारित गर्ने ।**

आर्थिक बर्ष २०८१/८२ को कम्पनीको लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु स्वीकृत गर्ने सर्वसम्मत निणर्य भयो ।

७.३ **आ.व. ०८२/०८३ को लागि लेखापरीक्षक नियुक्त तथा निजको पारिश्रमिक निर्धारण गर्ने ।**

आ.व. २०८२/८३ को लागि श्री **बि.के. अग्रवाल एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्ट्स**लाई कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा (३) बमोजिम पूनः लेखा परीक्षकको रूपमा नियुक्त गर्ने र निजको पारिश्रमीक ICAN द्वारा निर्दिष्ट न्यूनतम लेखा शुल्क भन्दा बढी नहुने गरी निर्धारण गर्न संचालक समितिलाई अख्तियारी दिने निर्णय गरियो । उक्त लेखापरीक्षकको नाम कम्पनी ऐन, २०६३ को दफा १११ को उपदफा (१) बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयलाई जानकारी दिने निणर्य भयो ।

७.४ **संचालक समितिको सम्बन्धमा ।**

७.४.१ **कम्पनीको संचालक समितिमा संस्थापक शेयरधनीहरुबाट १ (एक) जना तथा सर्वसाधारण शेयरधनीहरुबाट १ (एक) जना संचालकको प्रतिनिधित्व हुने गरी संचालकहरुको निर्वाचन गर्ने साथै स्वतन्त्र संचालकको नियुक्ति गर्ने ।**

कम्पनीको "संचालक निर्वाचन सम्बन्धी निर्देशिका, २०८२" को निर्देशन नं.३ बमोजिम संचालक समितिद्वारा नियुक्त हुनुभएको निर्वाचन अधिकृत श्री अनुष्का भट्टराई ज्यूले सोही निर्देशिका बमोजिम निर्वाचन सम्बन्धी कार्यक्रम सम्पन्न गरी संस्थापक समुहबाट **श्री सञ्जय कुमार साह** आगामी कार्यकालका लागि संचालक समितिको सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएको, साथै सर्वसाधारण समुहबाट **श्री प्रवेश कुमार आचार्य** आगामी कार्यकालका लागि संचालक समितिको सदस्य पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा सोलाई अनुमोदन गर्ने र स्वतन्त्र संचालकको नियुक्तिको लागि संचालक समितिले कम्पनीको नियमावलीको नियम २९ बमोजिम तीन जना योग्य उम्मेद्धवारहरुको नाम साधारण सभामा पेश गरेकोमा **श्री विशाखा लक्ष्मी खड्का** ज्यूले सबैभन्दा बढी मत प्राप्त गर्नु भई बहुमत शेयरधनीद्वारा स्वतन्त्र संचालकको रूपमा नियुक्तिका लागि प्रस्तावित हुनुभएकोले श्री विशाखा लक्ष्मी खड्कालाई कम्पनीको स्वतन्त्र संचालकमा नियुक्ति गर्ने सर्वसम्मत निर्णय भयो ।

Pure Energy Limited Reg. No. 293685 Kathmandu

**७.४.२ संचालक समितिको बैठक भत्ता तय गर्ने ।**

संचालक समितिका अध्यक्ष र सदस्यहरुलाई प्रति बैठक रु १०,०००।- (अक्षरेपी दश हजार रुपैंया) बैठक भत्ता तय गर्ने सर्वसम्मत निणर्य भयो ।

**८. विशेष प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

**८.१ प्रबन्धपत्र तथा नियमावली संशोधन प्रस्ताव पारित गर्ने र उक्त संशोधनहरु नियामक निकायहरुमा दर्ता गर्ने, उक्त निकायहरुबाट कुनै परिमार्जन गर्न सुझाव वा निर्देशन भएमा सो अनुसार आवश्यक परिमार्जन गर्ने सम्बन्धी सम्पूर्ण अख्तियारी संचालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।**

**८.१.१ कम्पनीको ठेगाना परिवर्तन गर्ने तथा कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्ने ।**

कम्पनीको ठेगाना का.म.न.पा. वडा नं. १३ रहेकोमा हाल कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा नं. १० मा सरेको हुँदा सोही वमोजिम कम्पनीको ठेगाना परिवर्तन गर्ने सम्बन्धमा छलफल हुँदा निम्न अनुसारको ३ महले सभामा जानकारी गराईयो ।

**प्रबन्ध-पत्र संसोधन सम्बन्धि ३ महले**

| साविकको ब्यवस्था | हाल प्रस्तावित संसोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **दफा २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३ रहनेछ । | **दफा २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१० रहनेछ । | कम्पनीको ठेगाना परिवर्तन भएकाले । |

**नियमावली संसोधन सम्बन्धि ३ महले**

| साविकको ब्यवस्था | हाल प्रस्तावित संसोधन | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| **नियम २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१३ रहनेछ । | **नियम २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१० रहनेछ । | कम्पनीको ठेगाना परिवर्तन भएकाले । |

उल्लेखित ३ महले बमोजिम कम्पनीको प्रबन्ध-पत्र र नियमावलीमा निम्न बमोजिम संसोधन सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**संशोधित प्रबन्ध-पत्र**

**दफा २. कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना :-**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१० रहनेछ ।

**संशोधित नियमावली**

**नियम २. कम्पनीको रजिष्टर्ड कार्यालय :-**

यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं.१० रहनेछ ।

**८.१.२ कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको व्याख्या गर्ने गरी कम्पनीको प्रबन्धपत्र संशोधन गर्ने ।**

कम्पनीको संस्थापक तथा सर्वसाधारण शेयरको व्याख्या गर्न कम्पनीको प्रबन्ध-पत्रमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा छलफल हुँदा निम्न अनुसारको ३ महले सभामा जानकारी गराईयो ।

**प्रबन्ध-पत्र संसोधन सम्बन्धि ३ महले**

| साविकको व्यवस्था | हाल प्रस्तावित संसोधन | संशोधन गर्नु पर्ने |
|---|---|---|
| **दफा ६. कम्पनीको पूँजीको संरचना :-**<br><br>हाल व्यवस्था नभएको । | **दफा ६. कम्पनीको पूँजीको संरचना :-**<br>(छ) शेयरधनीको प्रकृतिको आधारमा शेयरहरूलाई संस्थापक शेयर र सर्वसाधारण शेयर गरी वर्गीकरण गरिएको भए तापनि, दुवै प्रकारका शेयरहरूको कानुनी प्रकृति समान रहनेछन् र तिनसँग संलग्न निम्न अधिकारहरू हुनेछन:<br>(१) मतदान गर्ने,<br>(२) लाभांश पाउने, र<br>(३) हस्तान्तरण, बोनस शेयर जारी, हकप्रद शेयर जारी, तथा परिसमापनको अवस्थामा सम्पत्तिमा दाबी गर्ने ।<br>यस्तो वर्गीकरण केवल शेयरधनी पहिचानको प्रयोजनका लागि गरिएको हो र यसले शेयरहरूसँग संलग्न अधिकारहरूको एकरूपतामा कुनै प्रभाव पार्दैन । | संस्थापक शेयर र सर्वसाधारण शेयरको व्याख्या गर्न । |

उल्लेखित ३ महले बमोजिम कम्पनीको प्रबन्ध-पत्र र नियमावलीमा निम्न बमोजिम संसोधन सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**संशोधित प्रबन्ध-पत्र**

**दफा ६. कम्पनीको पूँजीको संरचना :-**

(छ) शेयरधनीको प्रकृतिको आधारमा शेयरहरूलाई संस्थापक शेयर र सर्वसाधारण शेयर गरी वर्गीकरण गरिएको भए तापनि, दुवै प्रकारका शेयरहरूको कानुनी प्रकृति समान रहनेछन् र तिनसँग संलग्न निम्न अधिकारहरू हुनेछन:

(१) मतदान गर्ने,

(२) लाभांश पाउने, र

(३) हस्तान्तरण, बोनस शेयर जारी, हकप्रद शेयर जारी, तथा परिसमापनको अवस्थामा सम्पत्तिमा दाबी गर्ने ।

यस्तो वर्गीकरण केवल शेयरधनी पहिचानको प्रयोजनका लागि गरिएको हो र यसले शेयरहरूसँग संलग्न अधिकारहरूको एकरूपतामा कुनै प्रभाव पार्दैन ।

८.१.३ **स्वतन्त्र संचालकको कार्य अनुभवको समयावधि थप गर्न कम्पनीको नियमावली संशोधन गर्ने ।**

प्रचलित कानून बमोजिम स्वतन्त्र संचालकको कार्य अनुभवको समयावधि थप गर्न कम्पनीको नियमावलीमा आवश्यक संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने सम्बन्धमा छलफल हुँदा निम्न अनुसारको ३ महले सभामा जानकारी गराईयो ।

**नियमावली संसोधन सम्बन्धि ३ महले**

| साविकको व्यवस्था | हाल प्रस्तावित संशोधन | संशोधन गर्नु पर्ने |
|---|---|---|
| **नियम २९. शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायीक व्यक्तिलाई संचालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रकृया सम्बन्धी व्यवस्था खुलाउने** :-<br>(क) स्वतन्त्र संचालकको योग्यता यस बमोजिम हुनेछ :<br>(१) कम्तीमा २१ वर्षको उमेर पुरा गरेको ।<br>(२) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तीमा स्नातकोपाधी (Bachelor's degree) हासिल गरी सो सम्बन्धित क्षेत्रमा कम्तीमा ५(पाँच) वर्षको कार्य अनुभव भएको । | **नियम २९. शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायीक व्यक्तिलाई संचालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रकृया सम्बन्धी व्यवस्था खुलाउने** :-<br>(क) स्वतन्त्र संचालकको योग्यता यस बमोजिम हुनेछ :<br>(१) कम्तीमा २१ वर्षको उमेर पुरा गरेको ।<br>(२) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातकोपाधी (Bachelor's Degree) हासिल गरी सो सम्बन्धित क्षेत्रमा कम्तीमा १०(दश) वर्षको कार्य अनुभव भएको । | कम्पनी ऐन, २०६३ मा व्यवस्था भए बमोजिम कम्पनीको विद्यमान नियमावलीलाई ऐन अनुकुल बनाउन । |

Pure Energy Limited
Reg. No. 293685
Kathmandu

उल्लेखित ३ महले बमोजिम कम्पनीको नियमावलीमा निम्न बमोजिम संसोधन सम्बन्धि विशेष प्रस्ताव स्वीकृत गर्ने सर्वसम्मत निर्णय भयो ।

**संशोधित नियमावली**

**नियम २९. शेयरधनी वाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायीक व्यक्तिलाई संचालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रकृया सम्बन्धी व्यवस्था खुलाउने :-**

(क) स्वतन्त्र संचालकको योग्यता यस बमोजिम हुनेछ :

(२) मान्यताप्राप्त विश्वविद्यालयबाट कुनै पनि विषयमा कम्तीमा स्नातकोपाधी (Bachelor's Degree) हासिल गरी सो सम्बन्धित क्षेत्रमा कम्तीमा १०(दश) वर्षको कार्य अनुभव भएको ।

**८.१.४ कम्पनीको प्रबन्धपत्र र नियमावलीको संशोधनमा नियामक निकायवाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समितीलाई अख्तियारी दिने ।**

कम्पनीको प्रबन्धपत्र र नियमावलीको संशोधनमा नियामक निकायवाट कुनै फेरबदल, संसोधन, थपघट गर्नुपर्ने सुझाव वा निर्देशन प्राप्त भएमा सो अनुसार आवश्यक सम्पुर्ण कार्य गर्न संचालक समितीलाई अख्तियारी दिने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

**९. विविध प्रस्ताव अन्तर्गत भएका निर्णयहरु :**

**९.१ आ.व. २०८१/०८२ मा संचालक समितिबाट भए गरेका सम्पूर्ण निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने ।**

आ.व. २०८१/०८२ मा संचालक समितिबाट भए गरेका सम्पूर्ण निर्णय, काम कारवाहीहरु अनुमोदन गर्ने सर्वसम्मत निर्णय भयो ।

**९.२ संचालक समितिबाट स्विकृत कम्पनीको संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन अनुमोदन गर्ने ।**

संचालक समितिबाट स्विकृत कम्पनीको संस्थागत सुसाशन सम्बन्धि प्रतिवेदन अनुमोदन गर्ने सर्वसम्मत निणर्य भयो ।

**९.३ कम्पनीको वार्षिक साधारण सभाको विवरण (माइन्यूट) मा हस्ताक्षर गर्ने ।**

कम्पनीको वार्षिक साधारण सभाको विवरण (माइन्यूट) मा हस्ताक्षर गर्ने सम्बन्धमा छलफल गर्दा कम्पनीका अध्यक्ष श्री अक्षय गोल्याण र कम्पनीका संचालक श्री प्रवेश कुमार आचार्यले हस्ताक्षर गर्ने सर्वसम्मत निर्णय भयो ।

**१०. सभाको समाप्ति**

अन्तमा सभामा प्रस्तुत छलफलका सम्पूर्ण विषयहरु समेत सर्वसम्मतिले पारित भई सकेकाले कम्पनीको साधारण सभामा उपस्थित सबै शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले धन्यवाद दिदै कम्पनीको ~~नवौं र दशौं~~ आठौं वार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

Pure Energy Limited
Reg. No. 293685
Kathmandu